खण्ड :१ संख्या :१ मिति : २०८३।०५।०५

नरहा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नरहा, सिरहा
मधेश प्रदेश, (नेपाल)

# नरहा गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड :१ संख्या :१ मिति : २०८३।०५।०५

## अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३

# अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३

नरहा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सिरहा

## अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३

**प्रस्तावना:** विद्यालय शिक्षाको अवसर नपाएका, बिचैमा विद्यालय छाडेका र विविध कारणले विद्यालय शिक्षा आर्जन गर्न नपाएका इच्छुक व्यक्तिको आवश्यकतामा आधारित अनौपचारिक शिक्षा तथा आजीवन सिकाइलाई निरन्तरता दिन, सबैका लागि गुणस्तरीय शिक्षा र सिकाइ संस्कृतिको प्रवर्धन गरी नेपालको संविधानद्वारा प्रदत्त शिक्षासम्बन्धी हक तथा अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी प्रचलित कानुनी प्रवन्धलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी शैक्षिक उपलब्धि हासिल गर्न वाञ्छनीय भएकाले,

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ४१ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाइएको छ।

### परिच्छेद-१

### सङ्क्षिप्त नाम र प्रारम्भ

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ (सञ्चालन तथा व्यवस्थापन), कार्यविधि, २०८३ रहेको छ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएका मिति देखि लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा;

(क) "अनुमति" भन्नाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी कार्यक्रम सञ्चालन गर्नका लागि दिइने स्वीकृति भन्ने सम्झनु पर्छ।

(ख) "आजीवन सिकाइ" भन्नाले औपचारिक, अनौपचारिक तथा अनियमित तरिकाबाट हुने सिकाइलाई बुझिन्छ।

(ग) "ऐन" भन्नाले अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ लाई सम्झनु पर्छ।

(घ) "सिकाइ केन्द्र" भन्नाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रम सञ्चालन हुने स्थानलाई सम्झनु पर्छ।

(ङ) "नियमावली" भन्नाले अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७ लाई सम्झनु पर्छ।

(च) "वैकल्पिक शैक्षिक कार्यक्रम" भन्नाले विद्यालय गई अध्ययन गर्ने अवसर नपाएका बालबालिकालाई अनौपचारिक माध्यमबाट शिक्षा प्रदानको लागि स्थापित शैक्षिक संस्था सम्झनु पर्छ र सो शब्दले त्यस्तो कार्यक्रम विद्यालयबाट सञ्चालन भएमा त्यस्तो विद्यालयलाई समेत जनाउँछ।

(छ) "पाठ्यक्रम" भन्नाले वैकल्पिक सिकाइका लागि राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्बाट स्वीकृत पाठ्यक्रमलाई सम्झनु पर्छ ।

(ज) "व्यवस्थापन समिति" भन्नाले विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ र सो शब्दले वैकल्पिक सिकाइ कार्यक्रम सञ्चालन गर्न स्थापित संस्थाको सञ्चालक समिति वा कार्य समितिसमेतलाई जनाउँछ।

(झ) "संस्था" भन्नाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको अवसर प्रदान गर्न प्रचलित कानुनबमोजिम दर्ता भएको संस्थालाई सम्झनु पर्छ।

(ञ) "सामुदायिक सिकाइ केन्द्र" भन्नाले समुदायमा साक्षरता र सिपसहितका एकीकृत सेवा प्रदान गर्न अनुमति पाई सञ्चालनमा रहेका सिकाइ केन्द्रलाई सम्झनु पर्छ ।

(ट) "सिकारु" भन्नाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रममा सहभागी हुने व्यक्तिलाई सम्झनु पर्छ।

(ठ) "सहजकर्ता" भन्नाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी कार्यक्रममा सिकारुलाई सिकाइ सहजीकरण गर्ने व्यक्ति भन्ने सम्झनु पर्छ।

(ड) "सञ्चालक संस्था" भन्नाले यस कार्यविधिबमोजिम कार्यक्रम सञ्चालन गर्न अनुमति प्राप्त सरकारी, गैरसरकारी, सामुदायिक वा अन्य सम्बन्धित संस्था सम्झनु पर्छ।

(ढ) "सिकाइ सहजीकरण" भन्नाले सिकारुलाई सिकाइ उपलब्धि हासिल गर्न सहयोग गर्ने शिक्षण, अभ्यास, छलफल, प्रदर्शन, परियोजना तथा अन्य सहभागीमूलक प्रक्रिया सम्झनु पर्छ।

(ण) "सिकाइ मूल्याङ्कन" भन्नाले सिकारुले हासिल गरेको ज्ञान, सीप, व्यवहार तथा दक्षताको परीक्षण तथा प्रमाणीकरण गर्ने प्रक्रिया सम्झनु पर्छ।

(त) "सिकाइ भार" भन्नाले निर्धारित सिकाइ उपलब्धि हासिल गर्न सिकारुले लगानी गर्नुपर्ने अनुमानित समय, अभ्यास र सिकाइ क्रियाकलापलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## उद्देश्य तथा सिकाइका स्वरूप

३. **उद्देश्य:** अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका उद्देश्य देहायबमोजिम रहेका छन्:

(क) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइलाई शिक्षाको अभिन्न अङ्गका रुपमा विकास गर्नु,

(ख) विद्यालय शिक्षाको अवसर नपाएका, बिचैमा विद्यालय छुट हुन गएका तथा सिकाइका लागि इच्छुक व्यक्तिको आवश्यकतामा आधारित अनौपचारिक शिक्षा तथा आजीवन सिकाइलाई निरन्तरता दिनु,

(ग) सबैका लागि गुणस्तरीय शिक्षा र आजीवन सिकाइ संस्कृतिको प्रवर्धन गर्नु,

(घ) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमको व्यवस्थापन गर्नु।

४. **सिकाइका स्वरुप:** (१) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका स्वरुप देहायबमोजिम हुनेछन् :

(क) **साक्षरता कार्यक्रम:** स्थानीय तहले सामुदायिक सिकाइ केन्द्र वा अनौपचारिक कार्यक्रम सञ्चालन गर्ने संस्थाले आफ्नो क्षेत्रभित्र बसोबास गर्ने निरक्षर नागरिकको लागि साक्षरताका कार्यक्रम सञ्चालन गर्नेछ।

(ख) **वैकल्पिक शैक्षिक कार्यक्रम:** कुनै कारणले विद्यालयमा अध्ययन गर्ने अवसर नपाएका वा अध्ययन गर्ने क्रममा बिचैमा पढाइ छाडेका विद्यालय उमेर समूहका बालबालिकालाई संश्लेषित पाठ्यक्रमको आधारमा आधारभूत तह तीनसम्म देहाय बमोजिमको वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ:-

| तह र कक्षा | सञ्चालन अवधि |
| --- | --- |
| तह एक (कक्षा १-३) | एक वर्ष |
| तह दुई (कक्षा ४-५) | एक वर्ष |
| तह तीन (कक्षा ६-८) | दुई वर्ष |

(१) विद्यालयमा भर्ना नभएका बालबालिकाले आधारभूत तहको सबै तहको वैकल्पिक शिक्षा पूरा गरेको हुनु पर्नेछ।

(२) वैकल्पिक शिक्षाको कार्यक्रम पूरा गरेका बालबालिकालाई त्यस्तो कार्यक्रम पूरा गरेको तहको आधारमा सो भन्दा माथिल्लो कक्षा वा तहमा विद्यालयले भर्ना गर्नु पर्नेछ।

(३) आधारभूत तहको शिक्षा पूरा गरेको प्रमाणपत्र प्राप्त गर्नको लागि स्थानीय तहबाट सञ्चालित आधारभूत तहको अन्तिम परीक्षामा सहभागी भई सिकाइ उपलब्धि हासिल गरेको हुनु पर्नेछ।

(ग) **अनौपचारिक तथा खुला शैक्षिक कार्यक्रम:** माध्यमिक शिक्षाको अवसरवाट बञ्चित व्यक्तिलाई लक्षित गरी माध्यमिक तह (तह चार र तह पाँच) सम्म देहायबमोजिम अनौपचारिक वा खुला शैक्षिक कार्यक्रम सञ्चालन हुनेछन्:-

| तह र कक्षा | सञ्चालन अवधि |
| --- | --- |
| तह चार (कक्षा ९-१०) | एक वर्ष |
| तह पाँच (कक्षा ११-१२) | एक वर्ष |

(घ) **आजीवन सिकाइ:** यस अन्तर्गत आधारभूत तथा माध्यमिक तहको शिक्षाको अवसर नपाएका १५ वर्ष उमेर माथिका युवा, युवती, किशोर, किशोरी तथा प्रौढको लागि अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रमले व्यवस्था गरेअनुसार तह एक देखि तह पाँच सम्मका कार्यक्रम सञ्चालन हुनेछन्।

(१) कुनै निर्धारित समयावधि अगावै सिकारुले सक्षमता हासिल गरेमा मूल्याङ्कनमा सहभागी भई माथिल्लो तहमा औपचारिक वा अनौपचारिक शिक्षामा प्रवेश गर्ने व्यवस्था गर्न सकिनेछ।

(२) उपदफा (१) को खण्ड (ग) मा भएको व्यवस्थाका अतिरिक्त भाषा र सञ्चार, व्यावहारिक समस्या समाधान, जीवन, जगत् र प्रविधि; सामाजिक व्यवहार र मूल्यमान्यता, स्वस्थ्य जीवनशैली र सिर्जनात्मकता, साक्षरता सिप, पारिवारिक शिक्षा, जीवनोपयोगी तालिम, सिप विकास तालिम, पेसागत वृत्ति विकास, विशेष शिक्षा कार्यक्रम, सामुदायिक विकास तालिम, नागरिक तथा नैतिक शिक्षा, शैक्षिक योग्यता अभिवृद्धि कार्यक्रम, सिर्जनात्मक क्षमता विकास कार्यक्रम, सामाजिक तथा सांस्कृतिक कार्यक्रम, सक्षमतामा आधारित छोटा अवधिका तालिम, कार्यथलो/पेसा व्यवसाय/उद्योगमा आधारित तालिमसहितका आजीवन सिकाइअन्तर्गत सञ्चालन गर्न सकिनेछ।

## परिच्छेद-३

## अनुमति, सञ्चालन तथा व्यवस्थापन

५. **संस्था सञ्चालन गर्न अनुमति लिनु पर्ने:** (१) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रम स्थानीय तहको अनुमति लिएर मात्र सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) अनुसार अनुमति लिन स्थानीय तहले तोके बमोजिमका आवश्यक कागजात संलग्न गरी स्थानीय तहमा आवेदन दिनुपर्नेछ।

(३) यो कार्यविधि लागु हुनुपूर्व अनुमति प्राप्त गरी सञ्चालन भई आएका वा सञ्चालन तयारीमा रहेका खुला सिकाइ कार्यक्रम सञ्चालन गर्ने विद्यालय, वैकल्पिक विद्यालय र अनौपचारिक प्रौढ विद्यालयले आफ्नो विवरण सम्बन्धित स्थानीय तहमा पेस गरी अद्यावधिक गरेको हुनु पर्नेछ।

(४) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रम सञ्चालन गर्ने संस्थाले सञ्चालनको अनुमतिका लागि स्थानीय तहले तोकेको न्यूनतम पूर्वाधार पूरा गरेको हुनु पर्नेछ।

(५) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रम सञ्चालनका लागि निवेदन दिएका संस्थालाई स्थानीय तहले जाँचबुझ गरी कार्यक्रम सञ्चालन गर्न अनुमति दिन सक्नेछ।

(६) कुनै समुदाय, गैर सरकारी संस्था र निजी क्षेत्रले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रममा लागत साझेदारीका आधारमा मुनाफा रहित किसिमले आवश्यक सहयोग गर्न सक्नेछ।

(७) यो कार्यविधि लागु भएपछि स्थानीय तहले तह एक देखि तह तीन सम्मको अनुमति एकैपटक दिन सकिनेछ भने तह तीन सम्म सञ्चालन भएकाको हकमा क्रमशः तह चार र तह पाँचको अनुमति लिएर मात्र सञ्चालन गर्नु पर्नेछ।

(८) यो कार्यविधि लागु हुनुअगाडि माध्यमिक तह सञ्चालनको अनुमति दिएका वैकल्पिक विद्यालयले तह पाँच सम्मका कक्षा सञ्चालन गर्न सक्नेछन्।

(९) यो कार्यविधि लागु हुनुअगाडि निजी स्तरमा सञ्चालनमा रहेका अनौपचारिक, खुला तथा वैकल्पिक सिकाइ सञ्चालन गर्ने शिक्षण संस्थाले यसै मापदण्डबमोजिम हुने गरी सम्वन्धित स्थानीय तहले तोकेको अवधिमा आवश्यक कागजातसहित विवरण अद्यावधिक गर्नुपर्ने छ।

६. **अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सञ्चालन सम्बन्धी व्यवस्था:** (१) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका शैक्षिक कार्यक्रम सञ्चालन गर्नका लागि संस्थामा व्यवस्थापन समितिको गठन भएको हुनु पर्नेछ।

(२) कुनै विद्यालयमा अनौपचारिक तथा खुला वा वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालन भएकोमा त्यस्तो विद्यालयको व्यवस्थापन समितिबाट यस्ता विषयमा निर्णय गर्न सक्नेछ।

(३) कुनै सामुदायिक सिकाइ केन्द्र वा सामुदायिक पुस्तकालय वा अन्य कुनै संस्थाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका शैक्षिक कार्यक्रम सञ्चालन गरेको भए त्यस्तो संस्थाको व्यवस्थापन समितिबाट सञ्चालन गर्नु पर्नेछ।

(४) विद्यालयमा वा कुनै संस्थामा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रम सञ्चालन भएको भए त्यस्तो कार्यक्रमको लागि विद्यालय व्यवस्थापन समितिबाट वा सञ्चालकबाट संयोजक तोक्नु पर्नेछ।

(५) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रम सञ्चालन गर्ने संस्थाको सञ्चालक वा व्यवस्थापन समितिमा रहने सदस्य सम्बन्धी व्यवस्था प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनु पर्नेछ।

(६) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रम सञ्चालन गर्ने संस्थाका व्यवस्थापन समितिले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको क्षेत्रमा कार्यरत विज्ञलाई व्यवस्थापन समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(७) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रम सञ्चालन गर्ने सञ्चालक वा व्यवस्थापन समितिको कार्य प्रचलित कानुन बमोजिम हुनेछन्।

## परिच्छेद-४

## सिकारु प्रवेशसम्बन्धी व्यवस्था

७. **सिकारु प्रवेशसम्बन्धी व्यवस्था:** (१) वैकल्पिक शैक्षिक कार्यक्रम, अनौपचारिक तथा खुला शैक्षिक कार्यक्रम र आजीवन सिकाइतर्फ प्रवेशका लागि सिकारूले प्रवेश अनुमति लिनुपर्ने छ।

(२) वैकल्पिक शैक्षिक कार्यक्रम र अनौपचारिक तथा खुला शैक्षिक कार्यक्रमतर्फ प्रवेश अनुमति प्राप्त गरी संश्लेषित पाठ्यक्रमका आधारमा अध्ययन गर्न चाहने सिकारुले सम्बन्धित स्थानीय तहले तोकेको विद्यालय वा सिकाइ केन्द्रमा गई नियमानुसार प्रवेश हुनु पर्नेछ।

(३) वैकल्पिक शैक्षिक कार्यक्रमतर्फ अध्ययन गर्न चाहने सिकारुलाई विद्यालयले वा सिकाइ केन्द्रले क्षमता मापन गरी तह एक, तह दुई वा तह तीनमा भर्ना गराई पठनपाठन गराउन सक्नेछ।

(४) वैकल्पिक शैक्षिक कार्यक्रमतर्फ क्षमता मापनका लागि विद्यालय वा सिकाइ केन्द्रले प्रक्रिया निर्धारण गर्ने छ।

(५) अनौपचारिक तथा खुला शैक्षिक कार्यक्रममा सहभागी हुन चाहने सिकारुले आफूलाई पायक पर्ने विद्यालय वा संस्थामा अभिभावक वा स्वयम् उपस्थिति भएर वा पत्राचार वा इमेल वा अनलाइनमार्फत प्रवेशका लागि आवेदन दिन सक्नेछ।

(६) आजीवन सिकाइमा सहभागी हुन चाहने सिकारुले आफूलाई पायक पर्ने विद्यालय वा सिकाइ केन्द्रमा आफ्नो नाम दर्ता गराई स्वअध्ययन वा अन्य प्रक्रियामा सहभागी हुन सक्ने छन्।

(७) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका विभिन्न कार्यक्रममा सहभागी हुन स्थानीय तहले समुदाय स्तरमा सचेतना कार्यक्रम सञ्चालन गर्न सक्नेछन्।

(८) विद्यालय वा संस्थाले सिकारु, सहजकर्ता तथा सरोकारवालाको क्षमता विकास, नेतृत्व विकास तथा सामाजिक रूपान्तरणका लागि अन्य निकाय वा संस्थासँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(९) अनौपचारिक तथा खुला शैक्षिक कार्यक्रमका सिकारु तह तीनमा स्नातक वा सोसरह गरिसकेपछि तह चार र पाँचमा सहभागी हुनको लागि कम्तीमा स्नातकोत्तर वा सोसरह दुई वर्ष पूरा भएको हुनुपर्नेछ।

तर आजीवन सिकाइअन्तर्गत सञ्चालित कार्यक्रमको हकमा सहभागी हुन यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन।

८. <u>मानवस्रोत व्यवस्थापनः</u> (१) वैकल्पिक शैक्षिक कार्यक्रम, अनौपचारिक तथा खुला शैक्षिक कार्यक्रम र आजीवन सिकाइ कार्यक्रममा सहभागी हुने सिकारुका लागि स्थानीय तहले सहजकर्ताको व्यवस्थापन गर्नेछ।

(२) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइमा सहभागी सिकारुको सहजीकरण, अनुगमन, पथप्रदर्शन, निर्देशन तथा मूल्याङ्कन कार्यका लागि सम्बन्धित स्थानीय तहले विज्ञ सूची तयार गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको विज्ञ सूचीमा संलग्न हुन चाहने विषय विज्ञ वा स्रोत व्यक्तिले स्थानीय तहमा नियमानुसार आवेदन दिई नाम दर्ता गराउनु पर्नेछ।

(४) विज्ञ सूचीमा रहन तह तीन सम्मका लागि स्नातक र सोभन्दामाथि सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर योग्यता भएको हुनु पर्नेछ।

नरहा गाउँपालिका
कार्यालय
नरहा, सिरहा
मधेश प्रदेश, (नेपाल)

(५) एक पटक विज्ञ सूचीमा सूचीकृत भएको विज्ञ तीन वर्ष अवधिको लागि कायम रहन सक्नेछ र यस्तो सूची प्रत्येक तीन वर्षमा अद्यावधिक गर्नु पर्नेछ।

(६) सहजकर्ताको न्यूनतम शैक्षिक देहायबमोजिम हुनु पर्नेछः

(क) तह एक र तह दुई को लागि कक्षा बाह्र वा सो सरह,

(ख) तह तीनको लागि स्नातक वा सो सरह,

(ग) तह चार र तह पाँचको लागि स्नातकोत्तर वा सो सरह।

(७) सिकाइ केन्द्रको सहजकर्ता नियुक्ति, सहजकर्ताको क्षमता अभिवृद्धिसम्बन्धी व्यवस्था स्थानीय तहले गर्नेछ।

(८) सहजकर्ताको क्षमता विकासका लागि तालिम दिने कार्य प्रदेश स्थित शिक्षा तालिम केन्द्रले गर्नेछ।

(९) विज्ञ सूचीमा रहेका विज्ञको क्षमता पुनर्ताजगीका लागि स्थानीय तहले गैरसरकारी संस्था, विश्वविद्यालय र प्रतिष्ठानसँग सहकार्य गरी अभिमुखीकरण सञ्चालन गर्न सक्नेछ।

## परिच्छेद-५

## सिकाइ भार

९. <u>सिकाइ भार</u> : (१) वैकल्पिक शैक्षिक कार्यक्रम र अनौपचारिक तथा खुला शैक्षिक कार्यक्रमतर्फको सिकाइ भार देहायबमोजिम हुने छः

| तह | सिकाइ भार (कार्यघण्टा) | | |
|---|---|---|---|
| | प्रत्यक्ष साक्षात्कार | स्वनिर्देशित | जम्मा |
| एक | २०८ | ६२४ | ८३२ |
| दुई | २५६ | ७६८ | १०२४ |
| तीन | २५६ | ७६८ | १०२४ |
| चार | २५६ | ७६८ | १०२४ |
| पाँच | २१६ न्यूनतम | ४४८ | ८६४ |
| | २५६ अधिकतम | ७८६ | १०२४ |

(३) वैकल्पिक शैक्षिक कार्यक्रम तथा अनौपचारिक वा खुला शैक्षिक कार्यक्रम सञ्चालन गर्ने विद्यालय वा संस्थाले बिहान, बेलुका वा उपयुक्त समयमा लचिलो विधिद्वारा प्रत्यक्ष साक्षात्कार कक्षा सञ्चालन गर्नु पर्नेछ।

(४) सम्बन्धित स्थानीय तहले विपतको अवस्थामासमेत वैकल्पिक र अनौपचारिक तथा आजीवन सिकाइलाई निरन्तरता दिने व्यवस्था गर्नु पर्नेछ।

(५) वैकल्पिक शैक्षिक कार्यक्रम, अनौपचारिक तथा खुला शैक्षिक कार्यक्रमका सिकारुले सहजकर्ताले तोकेका परियोजनालगायतका अन्य सिकाइ कार्य गर्नु पर्नेछ।

(६) आजीवन सिकाइका सिकारुले तोकिएका सक्षमतामा आफू सक्षम भएको सुनिश्चित भएपछि सक्षमता मूल्याङ्कन गरी कम्तीमा प्रवीण (Proficient) स्तरको सिकाइ उपलब्धि हासिल गरेमा उपलब्धिको अभिलेखीकरण तथा प्रमाणीकरण गरिनेछ।

(७) सिकारुले तोकिएका मध्ये सबै सक्षमता एकै पटक वा पटक पटक गरी मूल्याङ्कन गराउन सक्ने छन्।

(८) प्रवीण स्तर प्राप्त गर्ने सिकारुको उपलब्धिको क्रेडिट भण्डार गर्नु पर्नेछ।

(९) सिकारुले सबै सक्षमतामा प्रवीणता प्राप्त गरेपछि प्रमाण पत्र प्रदान गरिनेछ र उक्त प्रमाण पत्रका आधारमा सिकारुले पारगम्यता प्राप्त गर्नेछ।

(१०) सिकारुले कुनै सक्षमतामा प्राप्त गरेको सिकाइ उपलब्धि स्तर अर्को सिकाइका लागि आवश्यक पर्ने भए त्यसलाई स्थानान्तरण गरिने छ।

## परिच्छेद-६
## पाठ्यक्रम तथा सिकाइ सामग्री

१०. **पाठ्यक्रम तथा सिकाइ सामग्री सम्बन्धी व्यवस्था:** (१) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको पाठ्यक्रम शिक्षा विभागबाट तयार भई राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्द्वारा स्वीकृत भएबमोजिमको हुने छ।

(२) वैकल्पिक शैक्षिक कार्यक्रमतर्फ केन्द्रबाट तयार भएको तह एक, तह दुई र तह तीनका लागि संश्लेषित पाठ्यक्रममा आधारित विकसित सिकाइ सामग्री प्रयोग गर्नुपर्नेछ।

(३) अनौपचारिक तथा खुला सिकाइतर्फ हाल सञ्चालनमा रहेका विद्यालयका कक्षा ९ र १० ( तह चार) र कक्षा ११ र १२ (तह पाँच) का लागि संश्लेषित पाठ्यक्रममा आधारित विकसित सिकाइ सामग्री प्रयोग गर्नुपर्नेछ।

(४) आजीवन सिकाइतर्फ तह एक देखि तह पाँच सम्मका लागि अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूपका आधारमा शिक्षा विभागबाट विकास गरिएका सिकाइ सामग्री प्रयोग गर्नु पर्नेछ।

(५) स्वीकृत पाठ्यक्रमअनुसारका पाठ्य, श्रव्य, श्रव्यदृश्य, मल्टिमिडिया र अन्य प्रकारका मुख्य सामग्री विकास र परीक्षण गरी प्रयोग गरिनेछ।

नरहा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

(६) स्थानीय तहले पाठ्यक्रम तथा सिकाइ सामग्री सिकारुको पहुँचमा पुऱ्याउनेछ।

(७) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि स्थानीय तहले आवश्यक सिकाइ सामग्री विकास गर्न सक्नेछ।

## परिच्छेद-७
## सिकाइ सहजीकरण विधि

११। **सिकाइ सहजीकरण विधि:**(१)अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि प्रत्यक्ष साक्षात्कार र दूर शिक्षा तथा खुला सिकाइ पद्धतिमा आधारित सिकाइ विधि प्रयोग गर्नु पर्नेछ।

(२) वैकल्पिक शैक्षिक कार्यक्रम र अनौपचारिक वा खुला सिकाइतर्फ प्रत्यक्ष साक्षात्कार कक्षा र परियोजना विधि अपनाई शिक्षण सिकाइ प्रक्रिया सञ्चालन हुनेछ र वैकल्पिक शैक्षिक कार्यक्रम र अनौपचारिक वा खुला सिकाइतर्फ सञ्चालन हुने संश्लेषित पाठ्यक्रम कार्यान्वयन गर्दा औपचारिक शिक्षाको कुल कार्य घण्टाको पच्चिस प्रतिशत भारको प्रत्यक्ष साक्षात्कार कक्षा सञ्चालन हुनेछ।

(३) आमनेसामने तथा खुला सिकाइ पद्धतिअनुसार सिकाइ सहजीकरण गर्दा प्रत्यक्ष सम्पर्क सत्र, दूर तथा खुला सिकाइ, परियोजना कार्य, स्वःअध्ययन, अनुभव आदान प्रदान, घटना अध्ययन, सृजनात्मक अभ्यास, सामाजिक बहस तथा अन्तरक्रिया, सामुदायिक कार्यजस्ता सिकाइ विधि अवलम्बन गर्नु पर्नेछ।

(४) अनौपचारिक शिक्षातर्फ प्रत्यक्ष साक्षात्कार, अनलाइन, अफलाइन, भिडियो कन्फेरेन्स, समूह छलफल, टेलिफोन संवाद, रेडियो तथा टिभीको प्रयोग, काममा आधारित सिकाइ (Work based), कार्यस्थलमा आधारित सिकाइ (On the Job), इन्स्ट्रक्सनल एप, संस्कारमा आधारित सिकाइ, पत्राचार, परियोजना, अनुसन्धान, प्रतिवेदन, समीक्षा, वक्तव्य, प्रतियोगिता, प्रदर्शनी, सङ्केत, मोबाइल कोचिङ, मेन्टरिङ, प्रस्तुतीकरणजस्ता विधिबाट सहजीकरण गरिनेछ।

(५) सहजीकरणका लागि यस्तो सिकाइ सञ्चालन गर्ने संस्थाले सिकाइका लागि आवश्यक सामग्री प्रविधि, प्रयोगशाला र कार्यशालाको समेत व्यवस्था गर्नु पर्नेछ।

(६) सिकाइ विधि छनोट तथा प्रयोग गर्दा सिकारुमैत्री तथा अपाङ्गता भएका व्यक्तिको सिकाइ आवश्यकतालाई सम्बोधन गर्नु पर्नेछ।

(७) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइमा सिकारुलाई स्वःप्रतिविम्बन गर्ने पर्याप्त अवसर प्रदान गर्नु पर्नेछ।

(८) सिकाइ विधिको प्रयोग गर्दा सिकारुको जीवनसँग आबद्ध गरी सिकाइको अभ्यास गर्ने पर्याप्त अवसर प्रदान गर्नु पर्नेछ।

(९) सामाजिक सञ्जालको शैक्षिक प्रयोग गरी सिकारु–सिकारु तथा सिकारु–सहजकर्ताबिच नियमित अन्तरक्रिया गर्ने पद्धतिलाई जोड दिनु पर्नेछ।

## परिच्छेद-८
## मूल्याङ्कन, प्रमाणीकरण र अभिलेखीकरण

१२. **सिकाइ मूल्याङ्कनः** (१) वैकल्पिक शैक्षिक कार्यक्रम र अनौपचारिक तथा खुला शैक्षिक कार्यक्रमका सिकारुको मूल्याङ्न विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूपले गरेको व्यवस्था अनुसार गर्नु पर्नेछ।

(२) आजीवन सिकाइतर्फका सिकारुको मूल्याङ्कन अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुपले गरेको व्यवस्था अनुसार गर्नु पर्नेछ।

१३. **प्रमाणीकरणः**(१) तह एक देखि तह पाँच सम्मको सिकाइ मूल्याङ्कनको प्रमाणीकरण विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप बमोजिम हुनेछ।

तर राष्ट्रिय योग्यता प्रारुपको कार्यान्वयनपश्चात् प्रारुपले तोकेको संरचना र पद्धति अनुसार प्रमाणीकरण गर्नु पर्नेछ।

१४. **अभिलेखीकरणः**(१) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सञ्चालन गर्ने सामुदायिक सिकाइ केन्द्र, विद्यालय वा अन्य निकायले आ–आफ्नो संस्थावाट सञ्चालित कार्यक्रममा प्रवेश गरेका, सिकाइ निरन्तर गरिरहेका, मूल्याङ्कन प्रक्रियामा सहभागी भएका र प्रमाणीकरण भइसकेका सिकारुको अभिलेख अद्यावधिक गर्नु पर्नेछ।

(२) सामुदायिक सिकाइ केन्द्र, विद्यालय वा अन्य निकायले आ–आफ्नो संस्थावाट तयार गरिएको अभिलेख सम्बन्धित स्थानीय तहमार्फत् एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

(३) सामुदायिक सिकाइ केन्द्र, विद्यालय वा अन्य निकायले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि सम्भाव्य व्यक्तिहरूको अभिलेख सम्बन्धित विद्यालय र स्थानीय सरकारको समन्वयमा अद्यावधिक गरी अनौपचारिक शिक्षातर्फको शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

(४) सामुदायिक सिकाइ केन्द्र, विद्यालय वा अन्य निकायले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी सूचनाहरू सङ्घीय सरकारका निकाय, प्रदेश सरकारका निकाय र स्थानीय तहबाट माग गरिएका सूचना तथा तथ्याङ्क अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।

नरहा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नरहा, सिरहा
मधेश प्रदेश, (नेपाल)

## परिच्छेद-९

## अनुदान सम्बन्धी व्यवस्था

१५. **अनुदानसम्बन्धी व्यवस्थाः** (१) वैकल्पिक शैक्षिक कार्यक्रम, अनौपचारिक तथा खुला शैक्षिक कार्यक्रम र आजीवन सिकाइ कार्यक्रम सञ्चालन गर्ने संस्थाले देहायबमोजिमका सर्तहरू पूरा गरेको हुनु पर्नेछः

(क) विद्यमान ऐन, नियमावली तथा मापदण्डबमोजिम सञ्चालन भएको हुनुपर्ने

(ख) शैक्षिक तथ्याङ्क भरी अनिवार्य रूपमा समयमै सम्बन्धित निकायमा पेस गरेको हुनुपर्ने

(ग) संस्थाको सञ्चालन तथा व्यवस्थापन समिति गठन भएको हुनुपर्ने

(घ) स्वीकृत पाठ्यक्रम तथा सिकाइ सामग्रीको प्रयोग गरेको हुनुपर्ने

(ङ) संस्थाले नियमित रुपमा सामाजिक परीक्षण तथा लेखा परीक्षण गराएको हुनुपर्ने,

(२) वार्षिक रूपमा प्रदान गरिने अनुदानका आधार देहायबमोजिम हुनेछन्:

(क) **वैकल्पिक शैक्षिक कार्यक्रम र अनौपचारिक तथा खुला शैक्षिक कार्यक्रम सञ्चालन गर्ने संस्थालाई दिइने अनुदानः**

(अ) वैकल्पिक शैक्षिक कार्यक्रम, अनौपचारिक तथा खुला शैक्षिक कार्यक्रम र आजीवन सिकाइका कार्यक्रम सञ्चालन गरेका शैक्षिक संस्थालाई ससर्त अनुदान र शिक्षण संस्था सञ्चालन तथा व्यवस्थापन अनुदान एवम् सहजकर्ताको पारिश्रमिक तथा शिक्षण सिकाइका लागि आवश्यक जनशक्ति व्यवस्थापनका लागि तोकिएबमोजिम एकमुष्ट अनुदान उपलब्ध गराइनेछ।

(आ) कुनै निजी क्षेत्र एवम् गैहसरकारी सङ्घ संस्थाले सञ्चालन गरेका वैकल्पिक शैक्षिक एवम् अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रमका लागि अनुदान उक्त संस्थाबाट नै व्यवस्थापन गर्नु पर्नेछ।

(इ) अनौपचारिक तथा खुला सिकाइको कार्यक्रम सञ्चालन गरेका सामुदायिक विद्यालयलाई तोकिएबमोजिम एकमुष्ट अनुदान उपलब्ध गराइनेछ।

(ई) वैकल्पिक शैक्षिक कार्यक्रम र अनौपचारिक तथा खुला शैक्षिक कार्यक्रम सञ्चालन गर्ने संस्थालाई तहगत रुपमा अनुदान उपलब्ध गराइने छ । तर सबै तहको सिकाइ नगराउने संस्थालाई सञ्चालन भएको तहअनुसार मात्र अनुदान उपलब्ध गराइनेछ।

(उ) यो कार्यविधि लागु हुनुपूर्व सामुदायिक सिकाइ केन्द्रमार्फत् खोलिएका वैकल्पिक तथा अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गर्ने केन्द्रलाई यस कार्यविधि बमोजिम अनुदान दिइनेछ।

## परिच्छेद-१०

## अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन

१६. **अनुगमन सम्बन्धी व्यवस्था:** (१) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको अनुगमनका लागि संघ, प्रदेश, स्थानीय सरकार जिम्मेवार हुनेछन्।

(२) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको अनुगमन गर्दा नीति तथा मापदण्ड अनुसार संस्थाहरु सञ्चालन भए नभएको, तोकिएको पाठ्यक्रम तथा सिकाइ सामग्री प्रयोग भए नभएको, तोकिएअनुसारका अभिलेख व्यवस्थापन भए नभएको आदि पक्षहरुको अनुगमन गर्नुपर्नेछ।

(३) स्थानीय तहले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि मौजुदा नीति, कानुनको अधीनमा रही कार्यक्रम कार्यान्वयन भए नभएको, मापदण्ड अनुसरण भए नभएको अनुगमन गरी आवश्यकतानुसार पृष्ठपोषण प्रदान गर्नेछ।

(४) स्थानीय तहले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सञ्चालन गर्ने संस्थाले तोकिएको खाका अनुसारका सूचना तथा तथ्याङ्क व्यवस्थापन भए नभएको अनुगमन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नु पर्नेछ।

(५) स्थानीय तहले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सञ्चालन गर्ने संस्थाको सक्षमताको अवस्था अनुगमन गरी प्रदेश तथा स्थानीय सरकारसँगको समन्वयमा क्षमता विकासका लागि आवश्यक सहजीकरण गर्नु पर्नेछ।

(६) स्थानीय तहले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमको नियमित अनुगमन तालिका बनाई अनुगमन गर्नु पर्नेछ।

(७) स्थानीय तहले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमको अनुगमनका लागि विषयगत विज्ञहरुको समूह तयार गरी अनुगमनका लागि परिचालन गर्नु पर्नेछ।

(८) स्थानीय तहले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमको अनुगमनका लागि नागरिक समाज तथा अन्य गैरसरकारी संस्थासँग आवश्यक समन्वय र सहकार्य गरी संयुक्त अनुगमन कार्य गर्नु पर्नेछ।

(९) स्थानीय तहले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रम सञ्चालन गर्ने संस्थाको बजेटको स्रोत, खर्च विवरण लगायत लेखा व्यवस्थापन सम्बन्धी अनुगमन गरी आवश्यक पृष्ठपोषणसहित अभिलेख अद्यावधिक गर्न आवश्यक सहजीकरण गर्नु पर्नेछ।

(१०) कार्यक्रम कार्यान्वयन गर्ने संस्थाले कार्यक्रम कार्यान्वयनको प्रगति विवरण त्रैमासिक रुपमा सम्बन्धित स्थानीय तहमा पेस गर्नु पर्नेछ।

(११) स्थानीय तहले आफ्नो तह भित्र सञ्चालित अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसँग सम्वन्धित कार्यक्रमहरुको वार्षिक प्रतिवेदन तयार गरी प्रदेश र सङ्घमा पेस गर्नु पर्नेछ।

## परिच्छेद-११

## अभिलेख व्यवस्थापन

१७. **अभिलेख व्यवस्थापन:** (१) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सञ्चालन गर्ने सिकाइ केन्द्रहरुले शैक्षिक कार्यक्रमको पहुँचबाट बाहिर रहेका बालबालिका तथा युवाको तथ्याङ्क सङ्कलन गरी अभिलेखीकरण गनु पर्नेछ।

(२) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सञ्चालन गर्ने सिकाइ केन्द्रले अनौपचारिक तथा आजीवन सिकाइ कार्यक्रममा सहभागी सिकारुको प्रवेश, प्रत्यक्ष कक्षामा उपस्थिति, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, कक्षामा सहभागिता, व्यवहार परिवर्तनसहित नतिजाको अद्यावधिक अभिलेख राख्नु पर्नेछ।

(३) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सञ्चालन गर्ने सिकाइ केन्द्रले सिकाइ केन्द्रको भौतिक पूर्वाधार, जिन्सी सम्पत्ति, आर्थिक, मानवीय स्रोत साधनको अद्यावधिक विवरण राख्नु पर्नेछ।

(४) सामुदायिक सिकाइ केन्द्रले स्थानीय जनशक्तिहरुको सिप तथा परम्परागत ज्ञानको अभिलेखीकरण गर्नु पर्नेछ।

(५) सेवा क्षेत्रका सामुदायिक विद्यालयहरुले कार्यक्रममा सहभागी सिकारु, सहजकर्ताको तथ्याङ्कीय अभिलेख राख्नेछ।

(६) सामुदायिक सिकाइ केन्द्रका सहजकर्ताको परिचालन गरी सिकारुको विशेष सिप तथा परम्परागत ज्ञानको समेतको वैयक्तिक विवरण (प्रोफाइल) तयार पारी अभिलेखीकरण गर्ने ।

## परिच्छेद-१२

## निकायगत भूमिका तथा जिम्मेवारी

१८. **स्थानीय तह:** (१) सम्बन्धित स्थानीय तहले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रम सञ्चालन गर्ने अनुमति/स्वीकृति दिनेछ।

(२) स्थानीय तहले नमुना सिकाइ सामग्रीका आधारमा सिकारूका लागि मुख्य विषयका थप सिकाइ सामग्री विकास गर्नेछ।

(३) स्थानीय तहले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रम व्यवस्थापन गर्न अनुदान निकासा दिनेछ।

नरहा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नरहा, सिरहा
(नेपाल)

(४) सम्बन्धित स्थानीय तहबाट अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमको कार्य सम्पादन तथा मूल्याङ्कनको अभिलेख तयार गरी प्रदेशको शिक्षा विषय हेर्ने मन्त्रालय र केन्द्रमा सम्प्रेषण गर्नेछ।

(६) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमका सिकारुको सिकाइ मूल्याङ्कनमा सहजीकरण गर्नेछ।

(७) स्थानीय तहले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमको अनुगमन गर्ने गराउनेछ।

(८) स्थानीय तहले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमको प्रभावकारी सञ्चालनका लागि सरकारी तथा अन्य सङ्घ संस्थासँग समन्वय तथा सहजीकरण गर्नेछ।

१९. **सामुदायिक सिकाइ केन्द्रः** (१) सामुदायिक सिकाइ केन्द्रले स्थानीय तहको निर्देशन तथा स्थानीय कानुनबमोजिम अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गराउनु पर्नेछ।

(२) सामुदायिक सिकाइ केन्द्रले सिकारुको अभिलेखीकरण गरी स्थानीय तह र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा सम्प्रेषण गर्ने गराउनेछ।

(३) सामुदायिक सिकाइ केन्द्रले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमका सम्भाव्य सिकारुको अभिलेख तयार गर्नेछ।

(४) सामुदायिक सिकाइ केन्द्रले समुदाय विकासमा कार्यरत विभिन्न सरकारी, गैरसरकारी सङ्घ संस्था तथा निकायबिच समन्वय गरी विषय क्षेत्रगत सञ्जालको विकास गर्नेछ।

२०. **अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने संस्थाः** अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने संस्थाले देहायबमोजिम गर्न सक्नेछः

क) स्थानीय तहसँग अनुमति/स्वीकृति लिई कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने
ख) सिकारुको अभिलेखीकरण गरी सामुदायिक सिकाइ केन्द्र र स्थानीय तहमा सम्प्रेषण गर्ने
ग) गाउँपालिकाबाट पूर्वस्वीकृति/अनुमति लिएर मात्र कार्यक्रम सञ्चालन गर्ने,
घ) स्वीकृत प्रस्ताव र मापदण्डको पूर्ण पालना गरी कार्यक्रम सञ्चालन गर्ने,
ङ) योग्य तथा दक्ष सहजकर्ता/प्रशिक्षकको व्यवस्था गर्ने,
च) सिकारुको नियमित उपस्थिति र सिकाइ प्रगति अभिलेख राख्ने,
छ) प्राप्त अनुदानको पारदर्शी र उद्देश्यअनुकूल मात्र उपयोग गर्ने,

मरहा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मरहा, सिरहा
मधेश प्रदेश, (नेपाल)

ज) तोकिएको समयमा नियमित प्रगति र आर्थिक प्रतिवेदन पेस गर्ने,

झ) गाउँपालिकाको अनुगमन टोलीले दिएको निर्देशन पालना गर्ने,

ञ) सिकारुको अधिकार, मर्यादा, सुरक्षा र गोपनीयता कायम राख्ने।

## परिच्छेद-१३
## विविध

२१. **समन्वय र साझेदारी:** (१) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रमलाई प्रभावकारी बनाउन स्थानीय तहले स्रोतमा साझेदारी गर्नुपर्नेछ।

(२) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि स्थानीय तहमा कार्यरत गैर सरकारी तथा समुदायमा आधारित अन्य संस्थालाई परिचालन गर्न सकिनेछ।

(३) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रम कार्यान्वयनमा निजी क्षेत्रको लगानी प्रवर्धनको सुनिश्चितता हुनु पर्नेछ।

(४) सार्वजनिक-निजी साझेदारीका आधारमा अनौपचारिक तथा आजीवन सिकाइका शैक्षिक कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

२२. **कार्यविधि बमोजिम सञ्चालन हुनु पर्ने:** यस कार्यविधि लागु हुनु पूर्व अनौपचारिक शिक्षा तथा आजीवन सिकाइअन्तर्गत विभिन्न शैक्षिक संस्थामा वैकल्पिक विद्यालय, अनौपचारिक प्रौढ विद्यालय, महिला विद्यालय, गृहिणी विद्यालय जस्ता नामबाट सञ्चालित संस्था यो मापदण्ड लागु भए पश्चात् यसै बमोजिम हुने गरी सञ्चालन हुने व्यवस्था गर्नु पर्नेछ।

२३. **गुणस्तर कायम गर्नु पर्ने:** (१) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रममा गुणस्तर कायम गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

(२) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रमलाई व्यवस्थित गर्न सबै निकायको सहयोग, समन्वय र सहकार्य हुनु पर्नेछ।

(३) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रम सञ्चालनका सम्बन्धमा गुणस्तर कायम गर्नु सम्बन्धित विद्यालय तथा संस्थाको कर्तव्य हुनेछ।

२४. **अनुमति तथा कार्यक्रम खारेज हुने:** देहायको कुनै अवस्था विद्यमान भएमा स्थानीय तहले संस्थालाई दिइएको कार्यक्रम सञ्चालन अनुमति रद्द वा खारेज गर्न सक्नेछ'

(क) स्वीकृत उद्देश्यविपरीत कार्यक्रम सञ्चालन गरेमा,

(ख) झुट्टा विवरण पेस गरी अनुमति लिएको प्रमाणित भएमा,

(ग) अनुदान वा आर्थिक स्रोतको दुरुपयोग गरेमा,

(घ) अनुगमनका क्रममा दिइएका निर्देशन वा सर्तहरूको बारम्बार अवज्ञा गरेमा,

(ङ) सिकारुको हितविपरीत वा असुरक्षित कार्य गरेमा,

(च) तोकिएको समयसीमाभित्र कार्यक्रम सञ्चालन नगरेमा,

(छ) प्रचलित कानुन वा यस कार्यविधिको गम्भीर उल्लङ्घन गरेमा।

तर, अनुमति खारेज गर्नुअघि सम्बन्धित संस्थालाई आफ्नो सफाई वा स्पष्टीकरण पेस गर्न कम्तीमा ७ (सात) दिनको समयावधि दिइनेछ।

२५. <u>सूचना प्रविधिको प्रयोगः</u> अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रम कार्यान्वयनका सम्बन्धमा सम्बन्धित निकायले सूचना प्रविधिको प्रयोग गर्न सक्नेछ।

२६. <u>कार्यविधिको कार्यान्वयनः</u> यस कार्यविधिबमोजिम अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रम कार्यान्वयनका क्रममा कुनै द्विविधा भएमा स्थानीय तहले त्यस्तो द्विविधाको अन्त्यका लागि आवश्यक कार्य गर्न सक्नेछ।

**२७. <u>संशोधनः</u>** यस कार्यविधिको प्रावधानमा संशोधन गर्नु परेमा गाउँकार्यपालिकाले संशोधन गर्न सक्नेछ।